दलित महासभा बनाइनु पर्छ

डा. द्रोण रसाली, क्यानाडा

(२०११ सालमा पाल्पा जिल्ला हुमिन गाविसमा जन्मिएका डा. द्रोण रसाली हाल क्यानाडामा कार्यरत छन् । २०२८ सालमा राजधानीको पद्मोदय हाइस्कूलबाट सर्वोत्कृष्ट अंक ल्याई बोर्ड फर्स्ट भएका रसाली लामो समयदेखि पशु चिकित्सा क्षेत्रमा कार्यरत छन् । नेपाल दलित इन्फोक्लब संचालक समेत रहेका डा. रसाली गैर आवासीय नेपाली संघ (एनआरएन) का अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन क्यानाडाबाट नेपाल आएको बखत युग परिवर्तन साप्ताहिकले गरेको कुराकानी:)

तपाईं अहिले प्रवासी नेपाली हुनुहुन्छ । नेपालको दलित आन्दोलनलाई अहिले कसरी हेरिरहनु भएको छ ?

हाल वर्तमान अवस्थामा मैले यसलाई दुई किसिमले हेरिरहेको छु । एक पक्ष एकदमै सकारात्मक छ कि हामी बढीभन्दा बढी संगठित भइरहेका छौं । दलित वर्ग संगठित भएका कारण दलित समुदायमा जागरूकताको स्तर बढेको छ । गएको १०/१५ वर्षभित्र धेरै जागरणका कामहरू पनि भएका छन् । मिडियाको प्रचार प्रसार र मिडियाको विकास भएको छ यो क्षेत्रमा । साथै दलित आन्दोलनको क्षेत्रमा यस्ता धेरै विकासहरु भएका छन् । कसैले दलित भनेर हेला गर्ने अवस्थाको अन्त्य भइसकेको छ । यदि हेला नै गर्नुछ भने पनि एक व्यक्ति एक्लैले हेला गर्ने स्थिती छैन । [illegible] रूपमा र समूह समूहमा [illegible] हेला गर्ने स्थीती छ । [illegible] गरी, त्यसको सामूहिक रूपमा चाहिँ हेला गरेर त्यसको विरोधमा चाहिँ आउने गरेको बढाकडा शुरू गरिन्छ तर एकजना व्यक्तिले हेला गर्ने अवस्था हुन [illegible] देखिन्छ । अर्को पक्ष नकारात्मक पक्ष पनि मैले देखेको छु । खास गरेर जो दलित राजनीतिक [illegible] छ । दलित आन्दोलन सिङ्गो [illegible] रूपमा अघि बढ्नुपर्नेमा दलगत स्वार्थ, दलगत भावना र दलगत विचारहरूले एक सूत्रमा बाँधिएर एउटा निर्णयका साथ दलित आन्दोलनलाई लैजान नसकेको मैले पाएको छु । यो एउटा चाहिँ नमुना मात्र हो ।

दलहरूको दलगत स्वार्थको कारणले गर्दा दलित आन्दोलन छिन्न-भिन्न भइरहेको छ । यसले संगठित अवस्था नै अगाडि बढ्ने सम्भावना चाहिँ तपाईंले कसरी देख्नुभएको छ ?

दलित आन्दोलन सिङ्गो आन्दोलनको रूपमा अघि बढ्न जरुरी नै छ तर यहाँ अहिले धेरै कुराहरु स्पष्ट नभएको अवस्था छ । जो दलित आन्दोलनका नेताहरू जसरी दलित आन्दोलनको नेतृत्व गरिरहनु भएको छ, उहाँहरूले दलीय आन्दोलनको बारेमा धेरै बुझ्न बाँकी छ भन्ने लाग्छ । दलगत स्वार्थभन्दा धेरै अगाडि बढेर जानुपर्छ भन्ने उहाँले राम्ररी बुझ्न अझै बाँकी रहेको मैले पाएको छु । त्यहाँ छुवाछुत हुनुहुँदैन, जातीय विभेद हुनुहुँदैन, जातीय विभेदका आधारमा [illegible]

हुनुहुँदैन भन्ने जब प्रश्न छ हरेक राजनीतिक पार्टीहरूले पनि त्यसको समर्थन गरेको छ । तर दलगत स्वार्थ के को लागि ? मूल मुद्दामा पनि सबै पार्टीहरूको अलमलमै छन् । त्यसले गर्दा एउटा यो दलगत स्वार्थभन्दा माथि दलित आन्दोलन लैजाने बाटो पहिल्याएर अगाडि बढाउन सकेका छैनौं । त्यो बाटो भनेको देशभरिका सङ्गठनलाई एउटै साझा सङ्गठन बनाउनु हो । जसका लागि सरकारबाट पनि मान्यता प्राप्त संवैधानिक संस्थाको खाँचो छ । म चाँहि कुनै राजनैतिक पार्टी र राजनैतिक व्यक्ति नभएको कारणले कुनै राजनैतिक पार्टीको पक्ष र विपक्षमा छैन । बहुदलीय व्यवस्थामा दलगत स्वार्थ चाहिन्छ पनि । त्यसको विरोध पनि होइन । मेरो भनाई के हो भने दलगत स्वार्थभन्दा माथि उठेर दलित आन्दोलनलाई सिङ्गो आन्दोलनको रूपमा लैजाने भन्ना मात्र मेरो भनाइ हो ।

त्यसो भन्नुको अर्थ दलितहरूको एउटा राजनैतिक सङ्गठन हुनुपर्छ भन्नु हो ?

हो, अवश्य त्यही नै हो र सरकारले वैधानिक मान्यता दिएको एउटा सिङ्गो संस्था हुनुपर्छ । मेरो अवधारणा अनुसार राष्ट्रिय दलित[illegible] चाहिन्छ । त्यो चाहिँ फेरी एनजीओको रूपमा जिल्ला प्रशासनमा दर्ता गरेर बनाएको हुनु हुँदैन । त्यो वैधानिक हुनुपर्छ । त्यसको [illegible] जसको अहिले [illegible] मिजार भनेर [illegible] । मिजार भन्ने हाम्रो शब्द हो । त्यो दलितहरूको आन्दोलनको शब्द पनि हो । दलितहरूको एउटा सांस्कृतिक शब्द हो । त्यसलाई हामीले [illegible] । जसले सिङ्गो दलित आन्दोलनलाई नेतृत्व दिन्छ र उसको [illegible] भनेको चाहिँ र प्रधानमन्त्री र प्रधान न्यायधीश [illegible] हुनुपर्छ ।

अहिले आन्दोलन छिन्नभिन्न बनेको यस्तो अवस्थामा पार्टी बन्ने सम्भावना चाँहि कतिको छ त ?

म राजनीतिक व्यक्तित्व होइन । यो प्रश्नमा चाहिँ मेरो धारणा अलि भिन्न छ । दलितहरू सबै मिलेर राजनीतिक पार्टी खोल्ने पक्षमा म छैन । हामीले पार्टी बनाउने पनि होइन । त्यो चाहिँ एउटा संघ जस्तो दलितहरूको दलित महासभा हुन्छ । त्यसको पार्टीको आफ्नै संस्था हुन्छ । जसरी व्यवस्थापिका सबै पार्टीको साझा

संस्था भए जस्तै हुन्छ । त्यो एउटा सरकारभन्दा अलग हुन्छ । त्यसलाई [illegible] व्यवस्थापिका मान्नुपर्छ । यो [illegible] व्यवस्थापिकाका परिकल्पना हो । यो सरकारभन्दा अलग हुन्छ तर राज्यले मान्यता दिएको एउटा संस्था हुन्छ । [illegible] भएकाले [illegible] दलितको पक्षमा काम गर्ने [illegible] । [illegible] पार्टी र सरकार [illegible] । अहिले समानुपातिक कोटाको व्यवस्थानुसार [illegible] हुनुहुन्छ । तपाईंलाई के लाग्छ [illegible] दलितका नेता [illegible] दलितको [illegible] सभासदमा मनोनयन गरेको भए भाउने अवस्था छ ।

अहिले संविधान निर्माण प्रक्रियामा छ । अहिले संविधान चाहिँ दलितहरूको पक्षमा बनाउन सकिन्छ भनेर [illegible] विश्वास गर्न सक्नुहुन्छ ?

अहिले सभामा [illegible] आन्दोलनको [illegible] देखिंदैन । दलित आन्दोलनका अहिले पनि कार्यकर्ता र [illegible] छन्, उनीहरूमा आएको आक्रोशले गर्दा केही न केही दलितका पक्षमा निर्णय हुने गरेको छ । धेरै कुराहरू समर्थनमा पनि छन् । यसमा म निश्चित छु तर हामीले खोजेजस्तो दलितको सम्पूर्ण अधिकार प्राप्तीका लागि त्यो सिङ्गो आन्दोलन नभएसम्म सम्भव छैन ।

दलितको पक्षमा दलित उत्पीडीत जनताहरूको पक्षमा संविधान निर्माण गर्नका लागि दलित सभासदहरूले कस्तो भूमिका निर्वाह गर्नुपर्छ जस्तो लाग्छ तपाईंलाई ?

अहिलेको ४९ जना हाम्रो सभासदहरू हुनुहुन्छ । उहाँहरूलाई मैले धेरै सकारात्मक रूपमा हेरिरहेको छु । मात्र आठ जना निर्वाचनबाट पनि आउनु भएको

छ । उहाँहरूले दलित मात्र होइन अरुले पनि भोट पाएर आउनुभएको छ । उहाँहरु सर्वमान्य नेता हुनुभयो । मनोनित रूपमा आउनु भएको भए पनि निर्विरोध नै आउनुभएका छन् र पनि उहाँहरुलाई हाम्रो नेताको रूपमा लिनुपर्छ र । उहाँहरुले हाम्रो लागि काम गर्नुपर्छ । उहाँहरु दलित भएकै कारणले उहाँहरुको मनमा दलितको मुक्तिको चिन्तन छ । यो चिन्तन उहाँहरुसँग छदैछ । उहाँहरुले सकेसम्म जिम्मेवारी पुरा गर्नुहुन्छ भन्ने पुरा विश्वास पनि छ तर कसरी गर्नुहुन्छ , कता गर्नुहुन्छ ? त्यो हेर्न बाँकी छ । उहाँहरुसँग दलितप्रतिको चिन्तन छैन भन्ने मलाई विश्वास छैन ।

उहाँहरु हाम्रा पक्षमा संविधान निर्माण गर्नका लागि नागरिक समाजबाट दबाब पुगेन भनिरहनु भएको छ । उहाँहरूको मनाइबाट दलित सभासद्हरु नै कमजोर अवस्थामा पुगेको हो कि भन्ने बुझिन्छ । यसलाई कसरी बुझ्नु भएको छ ?

सिङ्गो आन्दोलन नभएपछि कमजोर त हुने नै भइहाल्यो नि । [illegible] उहाँहरूको [illegible] । [illegible] अवस्था हुन सक्छ । सिङ्गो आन्दोलन भएको भए दलितको मुद्दा [illegible] पार्टीहरुको [illegible] ४९ [illegible] र ? [illegible] उहाँहरूको [illegible] दबाब दिने [illegible] उहाँहरूले दलितको पक्षमा काम गर्न सक्नुहुनेछ ।

नेपालमा दलित समस्यालाई समाधान गर्नका निम्ति तपाईंहरू जस्ता विदेशमा बस्ने नेपालीहरूले के पहल गरिरहनु भएको छ त ?

क्यानाडामा छु । क्यानाडामा यो दलितको सवाल चाहिँ अहिलेसम्म कुनै समस्याको रूपमा केही देखिएको छैन । दलितहरूमा दुई तिन परिवारहरू मात्रै छन् र अहिलेसम्म त्यस्तो किसिमको इस्यु आइसकेको छैन । प्रथममा त तर बाहिरबाट [illegible] गर्न सक्ने मध्येको चाहिँ के हो भन्दा नेपाल दलित इन्फो स्थापना भयो । इ.वि.सं. २००१ मा त्यो सफलतापूर्वक सञ्चालन भइराखेको छ । त्यो एउटा सफल दलित आन्दोलनलाई टेवा पुऱ्याउने एउटा [illegible] माध्यमको रूपमा चाहिँ खडा भएको छ । यसलाई प्रयोग गर्नुपर्छ प्रयोग गरयो भने अन्तर्राष्ट्रियकरणमा पनि यो मजबुर नै छ र आन्तरिक रूपमा यहाँ पनि त्यसले शिक्षा दिन सकिन्छ । र त्यसलाई प्रयोग पनि गर्न सकिन्छ । शिक्षा दिने क्रममा एक सूत्रमा आउनलाई बस्ने एउटा [illegible] भन्दा पर्छ । यहाँ कुनै दलगत स्वार्थ छैन ।

नेपालमा खुल्लेआमरूपमा दलितको कुरा गर्ने प्रवासमा बस्ने [illegible] दलित आन्दोलनलाई [illegible] भन्ने गरेको आरोप लाग्ने गरेको छ । सत्यता के हो ?

यो दलितका नेताहरूको कुरा गर्नुभयो । दलितवर्गका सदस्यहरूका कुरा गर्नुभयो या समग्र दलितका कुरा गर्नु भयो भने म तपाईंलाई आफ्नै उदाहरण दिन्छु ।

म चाहिँ नेपालमा भन्दा दलित आन्दोलनमा सक्रिय विदेशमा रहेर भएको छु । म २०२७ सालमा काठमाडौं आउँदा एउटा वृहत राष्ट्रिय सम्मेलन भएको थियो । दलित सम्मेलन त्यसमा मैले पनि विद्यार्थी अवस्थाबाट नै भाग लिएको हो । सक्रिय रूपमा त्यतिबेला नेपाल राष्ट्रिय दलित जनविकास परिषद भन्ने एउटा संस्था थियो । त्यसको अध्यक्षमा हिरालाल विश्वकर्मा र नेतामा टि.आर. विश्वकर्मा मोहनलाल कपाली हुनुभयो । [illegible] रूपमा गर्दै आउनुभयो । [illegible] प्राविधिक क्षेत्रमा कामको आधारमा जिल्ला जिल्लामा [illegible] । [illegible] कपाली [illegible] दलित आन्दोलन सशक्त नै मान्नुपर्छ ।

तपाईंले घरको आधारमा नागरिकता दिनु हुँदैन भन्ने पक्षमा हुनुहुन्छ । त्यस कारण के हो ? घरको आधारमा नागरिकता दिनै पर्ने के पर्छ ?

घरको आधारमा नागरिकता दिन भनेको त्यो पक्ष हो । पहिला [illegible] परिचयका लागि हो । घर भनेको चाहिँ [illegible] हो कि होइन । यो [illegible] हो कि होइन, त्यो निर्धारण गर्नका लागि नै त्यो घर प्रयोग गरिएको हो । [illegible] नागरिकता दिइएको होइन । त्यसकारणले नागरिकता भन्ने नागरिक चिनारीका लागि हो । यो [illegible] हुन्छ ।

शुभकामना

शुभ दीपावलीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गरिन्छ ।

विष्णुमाया वि.क.
सभासद
नेकपा एमाले, तेह्रथुम

शुभकामना

शुभ दीपावलीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गरिन्छ ।

हीरा विश्वकर्मा
अध्यक्ष
दलित अध्ययन तथा विकास केन्द्र
अनामनगर, काठमाडौं